आज मिति २०७९ साल पौष २५ गते सोमबार बिहान ९:०० बजे गाउँपालिकाको बैठक हलमा यस तीनपाटन गाउँपालिकाका अध्यक्ष श्री कर्ण बहादुर मगरको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकमा देहाय बमोजिम उपस्थित भयौं ।

-उपस्थिति-

| सि.नं. | पदाधिकारीको नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | अध्यक्ष | |
| २. | श्री धन बहादुर पुलामी 'अशोक' | उपाध्यक्ष | |
| ३. | श्री गोविन्द बहादुर राउत | वडा अध्यक्ष-१ | |
| ४. | श्री मुकुन्द प्रसाद पौडेल | वडा अध्यक्ष-२ | |
| ५. | श्री लाल बहादुर स्याङतान | वडा अध्यक्ष-३ | |
| ६. | श्री खड्ग बहादुर भुजेल | वडा अध्यक्ष-४ | |
| ७. | श्री भुपाल सिंह तामाङ | वडा अध्यक्ष-५ | |
| ८. | श्री वीर बहादुर पुलामी | वडा अध्यक्ष-६ | |
| ९. | श्री युवराज पहाडी | वडा अध्यक्ष-७ | |
| १०. | श्री कृष्ण प्रसाद गौतम | वडा अध्यक्ष-८ | |
| ११. | श्री मोहन बहादुर गौतम | वडा अध्यक्ष-९ | |
| १२. | श्री पुण्यहरी भुजेल | वडा अध्यक्ष-१० | |
| १३. | श्री तिलक बहादुर बस्नेत क्षेत्री | वडा अध्यक्ष-११ | |
| १४. | श्री तारामाया श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५. | श्री गंगामाया तामाङ | कार्यपालिका सदस्य | गंगा |
| १६. | श्री सिम कुमारी आले | कार्यपालिका सदस्य | सिम |
| १७. | श्री युवमाया मस्राङ्गी | कार्यपालिका सदस्य | |
| १८. | श्री कमल बहादुर दमै | कार्यपालिका सदस्य | कमल |
| १९. | श्री लोक बहादुर बि.क. | कार्यपालिका सदस्य | |
| २०. | श्री जीतेन्द्र गिरी | नि.प्रमुख प्रशासकीय अधिकृत | |

सहजकर्ता:
श्री चन्द्रिका थापा, डा.ए.
श्री तारानाथ अधिकारी, डा.ए.

Scanned with CamScanner

सम्वत् २०७९ साल पौष २५ गते सोमबारको गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु

| निर्णयनं. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १ | समीक्षा सम्बन्धमा। | यस गाउँ पालिकाको यस अघि मिति२०७९/०९/१४ गतेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु समीक्षा गरियो। |
| २ | गाउँ शिक्षकको व्यवस्थापन सम्वन्धमा | गाउँ शिक्षकको व्यवस्थापन गर्न वाञ्छनीय भएकोले कार्यविधिको ड्राफ्ट तयार गरी विधेयक समितिमा पेश गर्न र आगामी कार्यपालिका बैठकमा पेश गर्न गाउँ शिक्षा समिति, विधेयक समित र शिक्षा, युवा तथा खेलकुद शाखालाई निर्देशन गर्ने । |
| ३ | गाउँ सभा बैठक वोलाउने सम्वन्धमा । | मिति२०७९/०९/३०गते शनिबार बिहान ११:०० बजे गाउँपालिकाको सभाहलमा गाउँ सभाको एघारौं अधिवेशन (हिउँदे अधिवेशन) आह्वान गर्ने । |
| ४ | 'घ' वर्गको निर्माण व्यावसायी इजाजतपत्र सम्वन्धी कार्यविधि, २०७५ संशोधन सम्वन्धमा । | यस गाउँपालिकाको 'घ' वर्गको निर्माण व्यावसायी इजाजतपत्र सम्वन्धी कार्यविधि, २०७५ को दफा २ मा (क) बुँदा थप गरी निम्न व्यवस्था गर्ने:<br>२(क) ठाउँसारी सम्बन्धी व्यवस्था:(१) नेपालको जुनसुकै स्थानीय तह/कार्यालयमा दर्ता भएका 'घ' वर्गको निर्माण व्यावसायी इजाजतपत्र नियमानुसार ठाउँसारी स्थानान्तरण भई यस गाउँपालिकामा दर्ता हुन आएमा इजाजतपत्र प्रदान गर्न सकिने ।<br>(२) ठाउँसारी स्थानान्तरणको शुरु दस्तुर यस कार्यविधिको अनुसूची-२ को नवीकरण दस्तुर बरावर हुने ।<br>(३) ठाउँसारी स्थानान्तरणको प्रमाणपत्रको ढाँचा अनुसूची-३ वमोजिम हुने ।<br>(४) यसरी स्थानान्तरण भएका इजाजतपत्र प्रत्येक वर्ष नियमानुसार नवीकरण गर्नुपर्ने । |
| ५ | योजना/कार्यक्रम संशोधन सम्वन्धमा । | चालु आ.व.०७९/८० को लागि नवौं गाउँ सभावाट स्वीकृत योजना तथा कार्यक्रमहरु आवश्यकता अनुसार संशोधन गर्न सम्बन्धित वडावाट मिति २०७९/०९/२८ गतेभित्र गाउँपालिकामा पेश गर्ने । |



Scanned with CamScanner

## सम्वत २०७९ साल पौष २५ गते सोमबारको गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु

<table>
<tr><th>निर्णयनं.</th><th>प्रस्तावहरु</th><th>निर्णयहरु</th></tr>
<tr><td>६</td><td>अर्धवार्षिक समीक्षा सम्वन्धमा ।</td><td>चालु आ.व.०७९/८० को २०७९ पौष २५ सम्मको अर्धवार्षिक समीक्षा यही मिति २०७९/०९/२९ गते कार्यपालिकाको वैठकमा सम्वन्धि शाखा प्रमुखले प्रस्तुत गर्ने गरी तयारी गराउने ।</td></tr>
<tr><td>७</td><td>नक्कले-जरायोटार खण्डको घुम्ति सुधार तथा स्तरोन्नति सम्वन्धमा ।</td><td>यस गाउँपालिकाको नक्कले-जरायोटार खण्डमा वारम्वार सवारी दुर्घटना भई जनधनको क्षति हुने गरेको, सडकको अवस्था खराव भएकोले दुर्घटनाको जोखिम भएकोले तत्काल घुम्ति सुधार तथा स्तरोन्नति गर्न आवश्यक भएकोले समपूरक कोषमा विनियोजित रकम मध्येवाट प्राविधिक इष्टिमेट वमोजिम रु.५,००,०००/- (पाँच लाख) खर्च गर्ने।</td></tr>
<tr><td>८</td><td>दहत्तर वहत्तर कर सम्वन्धमा ।</td><td>यस गाउँपालिकाको विभिन्न स्थानमा सडक निर्माणको कार्य भइरहेको र यस गाउँपालिकाको क्षेत्रभित्रवाट ढुङ्गा, गिट्टि, वालुवाको उत्खनन् गरिएको पाइएकोले प्रचलित दररेट वमोजिम प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन वमोजिम उपयुक्त स्थानवाट मात्र उत्खनन् गर्न र सो को परिमाण वमोजिम कर वुझाउन निर्माण व्यावसायीलाई पत्राचार गर्ने ।</td></tr>
<tr><td>९</td><td>एकीकृत घुम्ती शिविर सञ्चालन गर्ने सम्वन्धमा</td><td>यस गाउँपालिकावाट प्रवाह गर्ने सेवाहरुलाई जनताको नजिकवाट प्रदान गर्न र सेवामा आम नागरिकको पहुँच सुनिश्चित गर्न तपसिल वमोजिमको मिति, समय र स्थानमा एकीकृत घुम्ति शिविर (कृषि, पशु, स्वास्थ्य, आयुर्वेद, घटना दर्ता, योजना सम्झौता, ज्येष्ठ नागरिक परिचयपत्र वितरण) सञ्चालन गर्ने ।
<table>
<tr><th>सि.नं.</th><th>एकीकृत घुम्ति सेवा सञ्चालन हुने वडा र स्थान</th><th>लाभान्वित वडाहरु</th><th>सेवा सञ्चालन हुने मिति</th></tr>
<tr><td>१</td><td>वडा नं. ७, ध्रुवतारा प्रा.वि., भञ्याङ्गगाउँ</td><td>७</td><td>२०७९/१०/०७ गते १० बजे</td></tr>
<tr><td>२</td><td>वडा नं. ६, कालिका नि.मा.वि., धाप</td><td>३ र ६</td><td>२०७९/१०/१४ गते १० बजे</td></tr>
<tr><td>३</td><td>वडा नं. १०, स्वास्थ्य चौकी भवन, लङ्गुरखोला</td><td>५, ९ र १०</td><td>२०७९/१०/२१ गते १० बजे</td></tr>
</table></td></tr>
</table>

Scanned with CamScanner

सम्वत् २०७९ साल पौष २५ गते सोमबारको गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु

| निर्णयनं. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १० | पोष्टमार्टम घर निर्माण सम्वन्धमा । | यस गाउँपालिकाको वडा नं. ११ स्थित लाम्पन्टार प्राथमिक स्वास्थ्य केन्द्र (प्रस्तावित १५ शैय्याको अस्पताल) को परिसरमा पोष्टमार्टम घर प्रस्तावित १५ शैय्याको अस्पताल भवन निर्माणको क्रममा भत्काउनु परेकोले तत्काल अर्को भवन निर्माण गरी पोष्टमार्टम सेवा सञ्चालन गर्न आवश्यक भएकोले भवन निर्माण बापतको प्राविधिक इष्टिमेट बमोजिमको रकम समपूरक कोषवाट खर्च गर्ने । |



Scanned with CamScanner